**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ५ मितिः २०७७/०७/२०

**भाग-२**

**रघुगंगा गाउँपालिका**

## नमुना गोठ निर्माण कार्यक्रम संचालन कार्यविधि,२०७७

# नमुना गोठ निर्माण कार्यक्रम संचालन कार्यविधि,२०७७

**पृष्ठभूमी** :- देशमा ब्यबसायिक रुपमा गाई/भैंसी,भेडा/बाखा पालन गरि मासु, दूध लगायतक वस्तुहरु उत्पादन गर्ने कृषक उद्दमीहरूको संख्या बढी रहेको देखिन्छ, तर पनि व्यवस्थित गोठ तथा आधुनिकीकरण नहुदा विभिन्न समस्याबाट कृषकहरु मर्कामा परिरहेका छन् । जस्तै :-उत्पादनमा कमि, रोगहरु छिटो लाग्ने, समयमा वाली नजाने, रोगप्रतिरोधात्मक क्षमता कम हुने साथै अव्यवस्थित गोठको कारणले मलमा रहेका तत्वहरु पनि नस्ट हुने गर्दछ । यस्ता समस्याहरु न्युनिकरण गर्नका लागि व्यवस्थित गोठ निर्माण गर्नु पर्ने देखिन्छ,यसको लागि कृषकमा जागरण ल्याउन आवस्यक ठानी रघुगांगा गाउँपालिकाले नमुना गोठ निर्माण कार्यक्रमलाई सहज, व्यवस्थित, प्रभावकारी रुपले कार्यन्वयन गर्न रघुगांगा गाउँपालिकाको कार्यपालिका बाट यो कार्यविधि जारी गरिएको छ ।

**१.प्रारम्भिक** :-

- नाम र प्रारम्भ :- कार्यविधिको नाम "नमुना गोठ निर्माण कार्यकर्म संचालन कार्यविधि २०७७ " रहेको छ।
- यो कार्यविधि रघुगांगा गाउँपालिकाको कार्यपालिका बाट स्वीकृत भएपछि तत्काल प्रारम्भ हुनेछ ।

**२.परिभाषाः**-विषय वा प्रसंगले अर्को आर्थ नलागेमा यस कार्यविधिमा :-

क. "कार्यालय " भन्नाले रघुगांगा गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ख. "शाखा " भन्नाले रघुगांगा गाउँपालिकाको पशु सेवा शाखालाई जनाउछ ।

ग . "कार्यविधि " भन्नाले नमुना गोठ निर्माण कार्यविधि २०७७ सम्झनु पर्छ ।

घ ."आवेदक " भन्नाले नमुना गोठ निर्माणका लागि अनुदान सहयोग लिन आवेदन दिएका कृषकलाई जनाउदछ ।

ङ."गाउँपालिका " भन्नाले रघुगांगा गाउँपलिकलाई सम्झनु पर्छ ।

**३.उद्देश्यहरु** :-

- व्यवस्थित गोठ निर्माण गरि पशुवस्तुहरुको मृत्युदर कम गरि, वृद्धिदर ,तौल तथा गुणस्थर कायम गर्दै उत्पादकत्व वृद्धि गर्ने ।

**४.कार्यक्रम संचालन** :-

- यो कार्यक्रम रघुगांगा गाउँपालिकाको पशु सेवा शाखा मार्फत संचालन हुनेछ ।
- छनोट भएका कृषकहरुले पूर्ण अनुदानमा १००००० तथा आंशिक अनुदानमा अधिकतम ५०००० बराबरको रकम पाउनेछन् ।
- पूर्ण अनुदान अन्तर्गत आठ वाडामा १|१ जना कृषकहरु छनोट हुनेछन भने आंशिक अनुदान अन्तर्गत २|२ जना कृषक छनोट हुनेछन्

**५. प्रस्ताव माग गर्ने** :-

- नमुना गोठ निर्माणका लागि सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले यस गाउँपालिकाले १५ दिने म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।
- आवेदकले अनुसूची १ वमोजिम निवेदनको साथ देहायबमोजिमको कागजातहरु पेश गर्नुपर्छ ।

क .आर्थिक अवस्था कम्जोर भएको सम्बन्धित वाडाको सिफारिस पत्र,

ख. जग्गाको लालपुर्जा (आफ्नो नाममा नभएमा मंजुरिनामा ) को पर्तिलिपि,

ग.कृषकको नागरिकताको पर्तिलिपि,

घ . २ वर्ष भित्रमा कुनै किसिमको अनुदान नपायको स्वघोसाणा गर्नुपर्ने ,

**६.प्रस्ताव वर्गीकरण, छनोटका आधारहरु :-**

- गाउँपालिकाले आफ्नो वार्षिक स्वीकृत कार्यक्रम अनुसार सो मा उल्लेखित (विनियोजित ) बजेटबाट पूर्ण अनुदान (१००००० ) तथा आंशिक अनुदान (५००००) दिने गरि कार्यक्रम संचालन गर्नेछ ।
- **छनोटका आधारहरु :- अंक**

क. हालसम्म कुनै किसिमको अनुदान नलिएका १०

ख. अन्य कुनै रोजगारी नभएका १०

ग. विपन्न आर्थिक स्थिति भएका २०

घ. निरन्तर रुपमा पशु पाल्दै आएका २०

ङ. युवा कृषक ५

च. गोठ सम्बन्धि पूर्वाधार कमजोर भएको २०

छ. न्युनतम २ वटा गाई\भैंसी वा १० वटा बाखा वा १ भैंसी २ गोरु पालेको १५

जम्मा १००

**अनुगमन तथा मुल्यांकन समिति :-**

**गाउँपालिका स्तरीयः-**

| | |
|---|---|
| गाउँपालिकाको अध्यक्ष | संयोजक |
| प्रमुख प्रसासकिय अधिकृत | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| इन्जीनियर | सदस्य |

**वडा स्तरीय :-**

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| वडा अध्क्षयले तोकेको वडा सदस्य | सदस्य |
| सम्वन्धित वडा हेर्ने पशु प्राविधिक | सदस्य |

**नमुना गोठको नक्सा :-**

अनुसूची :१ नमुना गोठ निर्माणका लागि आवेदकले पेश गर्ने निवेदन

रू १० को टिकट

मिति :-
श्री प्रमुख प्रसासकिय अधिकृत ज्यू ,
रघुगांगा गाउँपालिका ,
गाउँ कार्यपालिको कार्यालय ,
मैवाफांट ,म्याग्दी

विषय :- नमुना गोठ निर्माणक लागि अनुदान सम्बन्धमा

प्रस्तुत विषयमा रघुगांगा गाउँपालिका पशु सेवा शाखाबाट सूचना प्रकाशित भए अनुसार नमुना गोठ निर्माणका लागि अनुदान सहयोगका लागि आवेदन पेश गरेको छु ।
सोहि अनुसार सहभागी गरिदिनुहुन अनुरोध गर्दछु ।

निवेदकको
संलग्न कागजातहरु :-
हस्ताक्षरः-
क.

नाम :-
ख.
ठेगानाः-
ग.
मोवाइल :-

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत